नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# बैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय

पत्र संख्या :- ०७५/७६
चलानी नं. :-

नयाँबानेश्वर, काठमाण्डौ ।
मिति : २०७५/०५/०८

**विषय :- शिलबन्दी व्याजदर प्रस्ताव पेश गर्ने बारे ।**

श्री एन.सी.सी.बैंक लिमिटेड,
श्री मेगा बैंक लिमिटेड,
श्री बैंक अफ काठमाण्डू लुम्बिनी लिमिटेड,
श्री एनआईसी एशिया बैंक लिमिटेड,
श्री श्री नेपाल एस.बी.आई. बैंक लिमिटेड
श्री स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड,
श्री सिभिल बैंक लिमिटेड,
श्री जनता बैंक लिमिटेड,
श्री सेन्चुरी कमर्सियल बैंक लिमिटेड,
श्री प्राईम कमर्सियल बैंक लिमिटेड,
श्री लक्ष्मी बैंक लिमिटेड,
श्री सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड,
श्री सानिमा बैंक लिमिटेड,
श्री सनराईज बैंक लिमिटेड,
श्री प्रभु बैंक लिमिटेड,
श्री हिमालयन बैंक लिमिटेड,
श्री नबिल बैंक लिमिटेड,
श्री माछापुच्छ्रे बैंक लिमिटेड,
श्री सिद्धार्थ बैंक लिमिटेड,
श्री एभरेष्ट बैंक लिमिटेड
श्री एन.एम.बी बैंक लिमिटेड,
श्री ग्लोबल आइ.एम.ई बैंक लिमिटेड,
श्री नेपाल बंगलादेश बैंक लिमिटेड,
श्री कुमारी बैंक लिमिटेड,
श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड,

यस बोर्ड सचिवालयको वैदेशिक रोजगार कल्याणकारी कोषको विभिन्न बैंकमा परिपक्व भएको समेत हाल रु. ८५ (पचासी) करोड रकम कल्याणकारी कोष व्यवस्थापन समितिको मिति २०७५/०५/०७ गतेको निर्णय अनुसार "कल्याणकारी कोषको रकम (वाणिज्य बैकमा ) लगानी गर्ने कार्यविधि २०७५" बमोजिम बिभिन्न बाणिज्य बैंकहरुमा १ (एक) बर्षे मुद्धति खातामा लगानी गरिने भएकोले आफुले लिन चाहेको रकम र प्रस्तावित व्याजदर उल्लेख गरी यो सूचना प्रकासित भएको मितिले ७ सात दिन (२०७५ साल भाद्र १४ गते विहिवार) कार्यालय समय भित्र निम्न अनुसारको विवरण सहित यस सचिवालयमा शिलबन्दी प्रस्ताब दर्ता गराउनु हुन अनुरोध छ । सिलवन्दी दरभाउपत्र यस सचिवालयको आर्थिक प्रशासन शाखावाट निशुल्क प्राप्त गरी सोही फारम भरि पेश गर्नुपर्नेछ । साथै सिलवन्दी दरभाउपत्रको मान्य अवधि कम्तिमा ३० (तिस) दिने हुनुपर्नेछ , सो भन्दा घटी मान्य अवधि भएको प्रस्तावउपर कारवाही गरिने छैन । लगानी गरिने रकमको सिमा एक बैंकमा हाल मुद्धति खातामा मौज्दात रहेको रकम समेत अधिकतम १० प्र.श. सम्म हुनेछ ।

**खुलाउनु पर्ने विवरणहरु**

१, प्रस्ताव पेश गर्ने बैंक (क) बर्गको बाणिज्य बैंक हुनु पर्नेछ ।
२, प्रस्ताव पेश गर्ने बाणिज्य बैंकको प्रारम्भिक तथा पुँजिकोष अनुपात नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुसारको हुनु पर्नेछ
३, प्रस्ताव पेश गर्ने बाणिज्य बैंक विगत ३ आर्थिक बर्षदेखि नाफामा गएको हुनुपर्नेछ । नाफामा रहेको प्रमाणित हुने आधार प्रमाण संलग्न गर्नु पर्नेछ ।
४. प्रतिफल , सुरक्षा, र तरलताको आधारमा कार्यविधि अनुसार बढी अंक प्राप्त गर्ने बैङ्कहरुमा लगानी गरिनेछ ।
५. सचिवालयबाट प्राप्त दरभाउपत्र फारममा आवश्यक वित्तिय सूचकाङ्क पुष्ट्याइ गर्ने विवरणहरु संलग्न गरि पेश गर्न सकिनेछ ।
६, लगानी गरिने बाणिज्य बैंक नेपाल राष्ट्र बैंकले शिघ्र सुधारात्मक कार्यबाही मा परेको हुन नहुने र कारवाही मा परेको भए फुकुवा भएको १ वर्ष पुरा भएको हुनुपर्नेछ ।
७. दरभाउपत्र पेश गर्ने दिन सार्वजनिक विदा परेमा विदा लगत्तै कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ ।
८. यस सम्बन्धि अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र ९८४९७९२२५६ मा सम्पर्क गर्न सकिनेछ ।

( राजन प्रसाद श्रेष्ठ )
कार्यकारी निर्देशक